# आन्तरिक ऋण (निष्कासन तथा व्यवस्थापन) कार्यविधि, २०८१

सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>**संक्षिप्त नाम र प्रारम्भ:**</u> (१) यस कार्यविधिको नाम "आन्तरिक ऋण (निष्कासन तथा व्यवस्थापन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषा:**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"अभौतिकीकरण (डिम्याट)"** भन्नाले कागजी अवस्थामा रहेको भौतिक ऋणपत्रलाई विद्युतीय रुपमा अभिलेख राख्ने कार्य सम्झनु पर्छ।

(ख) "**आवेदनकर्ता**" भन्नाले नागरिक बचतपत्र, वैदेशिक रोजगार बचतपत्र वा अन्य कुनै ऋणपत्र खरिद गर्नको लागि निवेदन दिने व्यक्ति सम्झनु पर्छ।

(ग) **"इन्भेष्टर पोर्टल"** भन्नाले नागरिक बचतपत्र, वैदेशिक रोजगार बचतपत्र वा अन्य कुनै ऋणपत्र निष्कासन तथा सञ्चालन गर्ने कार्यालयले प्रयोगमा ल्याएको विद्युतीय प्रणाली सम्झनु पर्छ।

(घ) "**ऐन**" भन्नाले सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ सम्झनु पर्छ।

(ङ) **"ऋण सञ्चालन तथा व्यवस्थापन प्रणाली (डोम्स)"** भन्नाले सार्वजनिक ऋणको सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यालयले प्रयोगमा ल्याएको विद्युतीय प्रणाली सम्झनु पर्छ।

(च) **"कमिसन"** भन्नाले ऋणपत्रको प्राथमिक र दोस्रो बजार कारोबार गरे वापत बजार निर्माता, बिक्री एजेन्ट वा अन्य कुनै निकायलाई उपलब्ध गराउने रकम सम्झनु पर्छ।

(छ) **"ट्रेजरी बिल"** भन्नाले एक वर्ष वा सो भन्दा कम अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने अल्पकालीन ऋणको उपकरण सम्झनु पर्छ।

(ज) **"विकास ऋणपत्र"** भन्नाले दुई वर्ष वा सो भन्दा बढी अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने मध्यकालीन वा दीर्घकालीन ऋणको उपकरण सम्झनु पर्छ।

(झ) **"नागरिक बचतपत्र"** भन्नाले नेपाली नागरिकको बचत परिचालन गरी आन्तरिक ऋण उठाउन प्रयोग गरिने मध्यकालीन वा दीर्घकालीन अवधिको ऋणको उपकरण सम्झनु पर्छ।

(ञ) **"वैदेशिक रोजगार बचतपत्र"** भन्नाले वैदेशिक रोजगारीमा संलग्न वा वैदेशिक रोजगारबाट फर्किएको छ महिना नपुगेका नेपाली नागरिक वा गैर आवासीय नेपाली नागरिकको वैदेशिक आम्दानी परिचालन गरी आन्तरिक ऋण उठाउन प्रयोग गरिने मध्यकालीन वा दीर्घकालीन अवधिको ऋणपत्रको उपकरण सम्झनु पर्छ।

(ट) **"डिस्काउन्ट दर"** भन्नाले भुक्तानी मितिमा अंकित मूल्य (फेस भ्यालु) पाउने गरी वर्तमानमा भुक्तानी गर्न कबोल गरेको मूल्य बीचको अन्तरको दर सम्झनु पर्छ।

(ठ) **"नियमावली"** भन्नाले सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० सम्झनु पर्छ।

(ड) **"बोलकबोल"** भन्नाले कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले ऋणपत्र खरिद गर्न मञ्जुर गरी मूल्य, रकम वा दर उल्लेख गरेको बोलपत्र सम्झनु पर्छ।

(ढ) **"सञ्चालन (अपरेटिभ) खाता"** भन्नाले ऋण कारोबारको रकम जम्मा गर्न तथा जम्मा गरेको रकम झिक्न मिल्ने गरी कार्यालयको नाममा बैंङ्कमा रहेको खाता सम्झनु पर्छ।

(ण) **“समिति”** भन्नाले नियमावलीको नियम ११ बमोजिमको ऋणपत्र निष्कासन तथा सञ्चालन समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## आन्तरिक ऋण निष्कासन तथा व्यवस्थापन

३. **कार्यतालिका तयार गर्नुपर्ने:** (१) प्रत्येक आर्थिक वर्ष शुरु हुनुपूर्व कार्यालयले आन्तरिक ऋणको वार्षिक कार्यतालिका र ऋण निष्कासन तालिका तयार गरी समितिको सिफारिस सहित मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम तालिका तयार गर्दा बैंङ्क तथा अन्य निकायसँग परामर्श लिन सक्नेछ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिम पेस भएको ऋणको बार्षिक कार्यतालिका र ऋण निष्कासन तालिका साउन महिना भित्र स्वीकृत गरी कार्यालयलाई जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएको वार्षिक कार्यतालिका र ऋण निष्कासन तालिका ऋणको जोखिम, लागत र नगद प्रवाह समेतको आधारमा आवश्यकता अनुसार समितिले परिमार्जन गर्न मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

४. **मध्यकालीन ऋण व्यवस्थापन रणनीति तयार गर्ने:** (१) कार्यालयले प्रत्येक आर्थिक वर्षका लागि मध्यकालीन ऋण व्यवस्थापन रणनीति अद्यावधिक गरी प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम मध्यकालीन ऋण व्यवस्थापन रणनीति अद्यावधिक गर्दा प्रत्येक वर्षको असार मसान्तसम्म कायम रहेको तिर्न बाँकी ऋण रकम र मध्यकालीन खर्च संरचनामा प्रक्षेपित आर्थिक परिसूचकलाई आधार मानी तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यालयले अद्यावधिक गरेको मध्यकालीन ऋण व्यवस्थापन रणनीति पुस मसान्तभित्र मन्त्रालयमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको मध्यकालीन ऋण व्यवस्थापन रणनीति मन्त्रालयले माघ मसान्तभित्र स्वीकृत गर्नु पर्नेछ। स्वीकृत मध्यकालीन ऋण व्यवस्थापन रणनीति कार्यालयले वेवसाईटमा प्रकाशन गर्नु पर्नेछ।

५. **<u>ऋणको दिगोपना विश्लेषण:</u>** (१) कार्यालयले आवश्यकता अनुसार ऋणको दिगोपना विश्लेषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयले असार मसान्तसम्म कायम रहेको तिर्न बाँकी ऋण रकमलाई आधारमानी ऋणको दिगोपना विश्लेषण प्रतिवेदन आवधिक रूपमा तयार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यालयले तयार गरेको ऋणको दिगोपना विश्लेषण प्रतिवेदन मन्त्रालयमा स्वीकृतिको लागि पेस गर्नेछ।

(४) मन्त्रालयबाट स्वीकृत भए पश्चात ऋणको दिगोपना विश्लेषण प्रतिवेदन कार्यालयले वेवसाईटमा प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद-३
## <u>ट्रेजरी बिल</u>

६. **<u>बोलकबोल सूचनाः</u>** (१) आन्तरिक ऋणको स्वीकृत वार्षिक कार्यतालिका तथा निष्कासन तालिका वा नवीकरण (रोलओभर) गर्ने समितिको निर्णय बमोजिम ट्रेजरी बिलको बोलकबोल सम्वन्धी सूचना बोलकबोल हुने समय अगावै कार्यालयको वेबसाइटमा प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा बोलकबोल मिति, समय, रकम र निष्कासन तथा परिपक्व हुने मिति उल्लेख गरिनेछ। पूर्व प्रकाशित सूचना

बमोजिमको बोलकबोल अवधि थप गर्नुपर्ने भएमा कार्यालयले आवश्यकता अनुसार थप गर्न सक्नेछ।

(३) ट्रेजरी बिलको बोलकबोल प्रत्येक हप्ताको सोमबार हुनेछ। सो दिन सार्वजनिक बिदा परेमा बिदाको अघिल्लो कार्यदिनमा बोलकबोल गरिनेछ। बोलकबोल भएको दिन पछि कार्यालय खुलेको पहिलो दिनमा निष्कासन गरिनेछ। डोम्स र कार्यालयको वेबसाइट मार्फत बोलकबोलको नतिजा प्रकाशन गरिनेछ।

(४) ट्रेजरी बिलको बोलकबोलमा पहिलो पटक भाग लिन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले डोम्स प्रणाली प्रयोगका लागि युजरनेम तथा पासकोडका लागि कार्यालयमा आफ्नो विवरणसहित विद्युतीय वा भौतिक माध्यमबाट अनुसूची -१ बमोजिमको निवेदन पेस गर्नु पर्नेछ। त्यसरी निवेदन प्राप्त भए कार्यालयले निवेदकको विवरण रुजु गरी युजरनेम, पासकोड तथा अन्य प्राविधिक सेवा उपलब्ध गराउनेछ।

७. <u>**बोलकबोल:**</u> (१) बैंङ्कबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गका बैंङ्क तथा वित्तीय संस्था, कानुन बमोजिम गठित अन्य संस्था र नेपाली नागरिक ट्रेजरी बिलको बोलकबोलमा सहभागी हुन सक्नेछन्।

(२) ट्रेजरी बिलको बोलकबोल गर्दा बोल रकमको दुई दशमलब पाँच प्रतिशतले हुन आउने रकम बोलकबोल धरौटीवापत सूचनामा तोकिएको समयभित्र सञ्चालन (अपरेटिभ) खातामा जम्मा गरी सोको भौचर कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) बोलकबोल बाँडफाँटमा परेका बोलकर्ताले बुझाउनु पर्ने बाँकी रकम निष्कासन मितिको सूचनामा तोकिएको समयभित्र तोकिएको खातामा जम्मा गर्नु पर्नेछ। बोलकबोल अस्वीकृत वा आंशिक स्वीकृत भएमा नियमावलीको नियम १० को उपनियम (८) बमोजिम बोलकबोल धरौटी फिर्ता हुनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंङ्कमा खाता रहेका “क”, “ख” र “ग” वर्गका बैंङ्क तथा वित्तीय संस्थाले अनुसूची-२ बमोजिमको

बोलकबोल धरौटी जफत गर्न बैंङ्क र कार्यालयलाई पूर्व मञ्जुरीनामा दिएमा त्यस्तो धरौटी वापतको रकम जम्मा गरी भौचर पेश गर्नु पर्ने छैन।

(५) उपदफा (४) बमोजिम मञ्जुरीनामा दिने बैंङ्क तथा वित्तीय संस्थाले बाँडफाँट भएको ट्रेजरी बिल वापतको रकम सूचनामा उल्लेखित समयभित्र खातामा जम्मा गर्न असमर्थ भएमा बोलकबोल धरौटी वापतको हुन आउने रकम उक्त खाताबाट कार्यालयले लेखी पठाए बमोजिम बैंङ्कले जफत गर्नु पर्नेछ।

(६) ट्रेजरी बिलको बोलकबोल गर्दा एकै व्यक्ति वा संस्थाले एक भन्दा बढी पटक बहुबोल मूल्यमा पनि बोलकबोल गर्न सक्नेछन्।

(७) ट्रेजरी बिलको बोलकबोलमा “क”, “ख” र “ग” वर्गका बैंङ्क तथा वित्तीय संस्थाले प्रतिस्पर्धीको रूपमा मात्र भाग लिन पाउनेछन्।

(८) अप्रतिस्पर्धी बोलकबोल गर्न पाउने बोलकर्ताले अप्रतिस्पर्धीको रूपमा बोलकबोल गर्दा माग रकम मात्र उल्लेख गर्नु पर्नेछ। प्रतिस्पर्धी बोलकबोलबाट वा समितिद्वारा निर्धारित दर (कट-अफ रेट) का आधारमा तय भएको भारित औसत दरमा अप्रतिस्पर्धी बोलकर्तालाई ट्रेजरी बिल बाँडफाँट गरिनेछ।

(९) एउटै ट्रेजरी बिलको बोलकबोलमा प्रतिस्पर्धी वा अप्रतिस्पर्धी मध्ये कुनै एक समूहबाट मात्र बोलकबोल गर्न सकिनेछ।

८. **<u>बाँडफाँट र निष्कासनः</u>** (१) ट्रेजरी बिलको बाँडफाँटमा बहुबोल मूल्य विधि प्रयोग गरिनेछ।

(२) ट्रेजरी बिलमा बट्टाकट्टामा आधारित ब्याजदर बोलकर्ताले बोल गरेको मूल्यबाट तीन सय चौसठ्ठी दिनको आधारमा निर्धारण हुने ब्याजदर (डिस्काउण्ट दर) लागू हुनेछ। त्यस्तो डिस्काउण्ट दर बोलकबोलको माध्यमबाट निर्धारण हुनेछ।

(३) प्रतिस्पर्धी बोलकबोलमा सबैभन्दा बढी मूल्य कबोल गर्ने व्यक्ति वा संस्थालाई पहिलो प्राथमिकतामा राखी क्रमैसँग बोलकबोल आह्वान रकम बराबर ट्रेजरी बिलको बाँडफाँट गरिनेछ। अन्तिम विन्दुमा कायम हुने मूल्यको रकम समावेश गर्दा आह्वान गरेको रकमभन्दा बढी हुने भएमा सो मूल्यको बोलकबोल रकमलाई समानुपातिक रुपमा बाँडफाँट गरिनेछ।

(४) अप्रतिस्पर्धी बोलकबोलका लागि छुट्टाइएको रकममा आवश्यक बोलकबोल नपरेमा बाँकी रकमलाई प्रतिस्पर्धी बोलकबोलको रुपमा गणना गरी ट्रेजरी बिलको बाँडफाँट गरिनेछ। अप्रतिस्पर्धी बोलकबोलका लागि छुट्टाइएको रकमभन्दा बढी बोल परेमा अप्रतिस्पर्धी बोलकर्तालाई समानुपातिक रुपमा बाँडफाँट गरिनेछ।

(५) परिपक्व हुने अवधिमा कुनै ट्रेजरी बिलको रकम समितिको निर्णय अनुसार आवश्यकता बमोजिम नवीकरण (रोलओभर) गर्न सकिनेछ। ट्रेजरी बिलको नवीकरण हुँदा बोलकबोल अङ्क बराबर बोलकबोल नपरेमा वा समितिको निर्णय अनुसार सम्झौता बमोजिम खरिद गर्ने हदसम्मको रकम बैंङ्कले स्वीकार गर्दा समेत पूरा अङ्क बाँडफाँट हुन नसकेमा त्यस्तो ट्रेजरी बिलको रकम कार्यालयले भुक्तानी गर्नेछ।

(६) बोलकबोल स्वीकृत भएको बोलकर्ताको बैंङ्कमा रहेको खाताबाट खर्च लेखी कार्यालयले नेपाल सरकारको वित्तीय आम्दानी खाता (ट्रेजरी बिल खाता) मा रकम जम्मा गर्नु पर्नेछ। बैंङ्कमा खाता नभएका बोलकर्ताले बाँडफाँट भएको रकम कार्यालयको सूचनामा उल्लिखित समयभित्र खातामा जम्मा गर्नु पर्नेछ।

(७) बाँडफाटमा परेका बोलकर्तालाई ट्रेजरी बिलको ईन्टरनेशनल सेक्युरिटिज आइडेन्टिफिकेसन नम्बर (आइजन), ट्रेडिङ सिम्बोलको कित्ता (अंश) र कुल स्वीकृत रकम सहितको विवरण डोम्स प्रणालीको पोर्टफोलियोमा उपलब्ध गराइनेछ।

९. **<u>साँवा र डिस्काउन्ट रकम भूक्तानी:</u>** (१) ट्रेजरी बिलको साँवा र डिस्काउन्ट रकम सहित परिपक्व हुने दिनमा अङ्कित मूल्यमा कार्यालयले धनीको बैंङ्क खातामा भुक्तानी गर्नेछ। सो दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यदिनमा भुक्तानी गरिनेछ।

तर विदाको दिनको डिस्काउन्ट रकम दावी गर्न पाइने छैन।

(२) ट्रेजरी बिलमा गरिएको लगानीबाट आर्जित आम्दानीमा प्रचलित कानुन बमोजिम कर लाग्नेछ।

१०. **<u>दोस्रो बजार कारोबार:</u>** (१) ट्रेजरी बिल दोस्रो बजार कारोबार मार्फत खरिद बिक्री गर्न सकिनेछ।

(२) खरिदकर्ता र बिक्रीकर्ताले आपसी सहमतिको आधारमा डोम्स प्रणाली मार्फत ट्रेजरी बिलको खरिद बिक्री गर्न सक्नेछन्। खरिदकर्ता र बिक्रीकर्ताले सोको हिसाब मिलान गरी डोम्स प्रणाली मार्फत कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

## परिच्छेद-४

## <u>विकास ऋणपत्र</u>

११. **<u>बोलकबोल सूचना:</u>** (१) आन्तरिक ऋणको स्वीकृत वार्षिक कार्यतालिका तथा निष्कासन तालिका बमोजिम समितिको निर्णय अनुसार विकास ऋणपत्रको बिक्री खुला, बन्द र निष्कासन गरिनेछ। सो सम्बन्धी जानकारी राष्ट्रिय दैनिक पत्रिका र कार्यालयको वेबसाइटमा प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा बोलकबोल मिति, समय, रकम र निष्कासन तथा परिपक्व हुने मिति उल्लेख गरिनेछ। पूर्व प्रकाशित सूचना अनुसार बोलकबोलको अवधि थप गर्नुपर्ने भएमा कार्यालयले आवश्यकता अनुसार थप गर्न सक्नेछ।

(३) विकास ऋणपत्रको बोलकबोल हुने दिन सार्वजनिक बिदा परेमा सो पछि कार्यालय खुलेको दिनमा बोलकबोल गरिनेछ। बोलकबोल भएको दिन पछि

कार्यालय खुलेको पहिलो दिनमा निष्कासन गरिनेछ। बोलकबोलको नतिजा डोम्स र कार्यालयको वेवसाइटमार्फत प्रकाशन गरिनेछ।

(४) विकास ऋणपत्रको बोलकबोलमा पहिलो पटक भाग लिन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले डोम्स प्रणाली प्रयोगका लागि युजरनेम तथा पासकोडका लागि कार्यालयमा आफ्नो विवरणसहित विद्युतीय वा भौतिक माध्यमबाट अनुसूची-१ बमोजिमको निवेदन पेस गर्नु पर्नेछ। त्यसरी निवेदन प्राप्त भए कार्यालयले निवेदकको विवरण रुजु गरी युजरनेम, पासकोड तथा अन्य प्राविधिक सेवा उपलब्ध गराउनेछ।

**१२. <u>बोलकबोलः</u>** (१) बैंङ्कबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंङ्क तथा वित्तीय संस्था, प्रचलित कानुन बमोजिम गठित अन्य संस्था र नेपाली नागरिक विकास ऋणपत्रको बोलकबोलमा सहभागी हुन सक्नेछन्।

(२) विकास ऋणपत्रको बोलकबोल गर्दा बोल रकमको दुई दशमलब पाँच प्रतिशतले हुने रकम बोलकबोल धरौटी वापत सूचनामा तोकिएको समयभित्र कार्यालयको सञ्चालन (अपरेटिभ) खातामा जम्मा गरी भौचर कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) बोलकबोल बाँडफाँटमा परेका बोलकर्ताले बुझाउनु पर्ने बाँकी रकम निष्कासन मितिको सूचनामा तोकिएको समयभित्र कार्यालयको सञ्चालन (अपरेटिभ) खातामा जम्मा गर्नु पर्नेछ। बोलकबोल अस्वीकृत वा आंशिक स्वीकृत भएमा नियमावलीको नियम १० को उपनियम (८) बमोजिम बोलकबोल धरौटी फिर्ता हुनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैंङ्कमा खाता रहेका "क","ख" र "ग" वर्गका बैंङ्क तथा वित्तीय संस्थाले अनुसूची-२ बमोजिमको बोलकबोल धरौटी जफत गर्न बैंङ्क र कार्यालयलाई पूर्व मञ्जुरीनामा दिएमा त्यस्तो धरौटी वापतको रकम जम्मा गरी भौचर पेश गर्नु पर्ने छैन।

(५) उपदफा (४) बमोजिम मञ्जुरीनामा दिने बैंङ्क तथा वित्तीय संस्थाले बाँडफाँट भएको विकास ऋणपत्र वापतको रकम सूचनामा उल्लेखित समयभित्र खातामा जम्मा गर्न असमर्थ भएमा बोलकबोल धरौटी वापतको हुनआउने रकम उक्त खाताबाट कार्यालयले लेखी पठाए बमोजिम बैंङ्कले जफत गर्नु पर्नेछ।

(६) विकास ऋणपत्रको बोलकबोल गर्दा एकै व्यक्ति वा संस्थाले एक भन्दा बढी पटक बहु ब्याजदरमा पनि बोलकबोल गर्न सक्नेछन्।

(७) विकास ऋणपत्रको बोलकबोलमा “क” “ख” र “ग” वर्गका बैंङ्क तथा वित्तीय संस्थाले प्रतिस्पर्धीको रूपमा मात्र भाग लिन पाउने छन्।

(८) अप्रतिस्पर्धी बोलकबोल गर्न पाउने बोलकर्ताले अप्रतिस्पर्धीको रूपमा बोलकबोल गर्दा माग रकम मात्र उल्लेख गर्नु पर्नेछ। प्रतिस्पर्धी बोलकबोलबाट वा समितिद्वारा निर्धारित ब्याजदर (कट-अफ रेट) का आधारमा अप्रतिस्पर्धी बोलकर्तालाई विकास ऋणपत्र बाँडफाँट गरिनेछ।

(९) एउटै विकास ऋणपत्रको बोलकबोलमा प्रतिस्पर्धी वा अप्रतिस्पर्धी मध्ये कुनै एक समूहबाट मात्र बोलकबोल गर्नु पर्नेछ।

१३. **<u>बाँडफाँट र निष्कासनः</u>** (१) विकास ऋणपत्रको बाँडफाँट गर्दा बोलकबोलमा बोलकर्ताले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठुलो क्रममा मिलाएर राखी बाँडफाँट हुने रकम सकिने बिन्दुमा कायम हुने ब्याजदरलाई (एकल ब्याजदर विधि) प्रयोग गरिनेछ।

(२) अन्तिम विन्दुमा कायम हुने ब्याजदरको रकम समावेश गर्दा आह्वान गरिएको रकम भन्दा बढी हुने भएमा सो दरको रकमलाई समानुपातिक रूपमा बाँडफाँट गरिनेछ।

(३) अप्रतिस्पर्धी रुपमा छुट्याइएको बोलकबोलमा आवश्यकता भन्दा बढी बोल परेमा समानुपातिक रूपमा बाँडफाँट गरिनेछ। न्यून बोल पेश भएमा न्यून पेश भएको रकम बराबर प्रतिस्पर्धी बोलमा समावेश गरिनेछ।

(४) कार्यालयले बोलकबोल स्वीकृत भएको बोलकर्ताको बैंङ्कमा रहेको खाताबाट खर्च लेखी नेपाल सरकारको वित्तीय आम्दानी खाता (विकास ऋणपत्र खाता) मा रकम जम्मा गर्नु पर्नेछ। बैंङ्कमा खाता नभएका बोलकर्ताले बाँडफाँट भएको रकम सूचनामा उल्लिखित समयभित्र खातामा जम्मा गर्नु पर्नेछ।

(५) बाँडफाटमा परेका बोलकर्तालाई विकास ऋणपत्रको ईन्टरनेशनल सेक्युरिटिज आइडेन्टिफिकेसन नम्बर (आइजन), ट्रेडिङ सिम्बोलको कित्ता (अंश) र कुल स्वीकृत रकम सहितको विवरण डोम्स प्रणालीको पोर्टफोलियोमा उपलब्ध गराइनेछ।

१४. <u>**साँवा ब्याज भूक्तानीः**</u> (१) विकास ऋणपत्रको ब्याज अर्धवार्षिक रूपमा भुक्तानी गरिनेछ। ऋण परिपक्व हुने दिनमा साँवा भुक्तानी गरिनेछ। ऋणपत्रको ब्याज तथा साँवा वापत भुक्तानी हुने रकम धनीको बैंङ्क खातामा जम्मा गरिनेछ। सो दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यदिनमा भुक्तानी गरिनेछ।

तर विदाको दिनको ब्याज रकम दावी गर्न पाइनेछैन।

(२) विकास ऋणपत्रको लागि निर्धारित ब्याजको हिसाब गर्दा तीस दिनको एक महिना र तीनसय साठी दिन बराबरको एक वर्ष मानी गणना गर्नु पर्नेछ।

(३) विकास ऋणपत्रमा गरिएको लगानीबाट आर्जित आम्दानीमा प्रचलित कानुन बमोजिम कर लाग्नेछ।

१५. <u>**दोस्रो बजार कारोबारः**</u> (१) विकास ऋणपत्र निष्कासन पश्चात् सूचीकरणका लागि कार्यालयले नेपाल स्टक एक्सचेन्जमा पठाउनेछ।

(२) खरिदकर्ता र बिक्रीकर्ताको आपसी सहमतिको आधारमा विकास ऋणपत्रको दोस्रो बजार कारोबार नेपाल स्टक एक्सचेन्जमा सूचीकृत दलाल मार्फत गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम गरिएको कारोबार खरिदकर्ता र बिक्रीकर्ताले डोम्स प्रणालीमा समेत प्रविष्टि गरी स्वामित्व हस्तान्तरण गर्नु पर्नेछ। सोको हिसाब मिलान खरिदकर्ता र बिक्रीकर्ताले गरी डोम्स प्रणालीमार्फत कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

## परिच्छेद-५
## नागरिक बचतपत्र

१६. **सूचना प्रकाशन तथा आवेदनः** (१) आन्तरिक ऋणको स्वीकृत वार्षिक कार्यतालिका तथा निष्कासन तालिका बमोजिम समितिको निर्णय अनुसार नागरिक बचतपत्रको बिक्री खुला, बन्द र निष्कासन गरिनेछ। सो सम्बन्धी जानकारी राष्ट्रियस्तरको दैनिक पत्रिका र कार्यालयको वेबसाइटमा प्रकाशन गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन गर्ने सूचनामा आवेदकले खरिद गर्न पाउने रकमको अधिकतम सीमा समितिले तोके बमोजिम हुनेछ।

(३) नागरिक बचतपत्र खरिदका लागि नेपाली नागरिक वा गैर आवासीय नेपाली नागरिकले आवेदन दिन सक्नेछन्।

तर यस्तो बचतपत्रमा फर्म, कम्पनी वा संस्थाले आवेदन दिन पाउने छैन।

(४) नागरिक बचतपत्र खरिद गर्न चाहने व्यक्तिले पहिलो पटक इन्भेष्टर पोर्टलमा तोकिएको ढाँचामा विवरणहरु प्रविष्टि गरी रजिष्टर गरेर युजरनेम तथा पासकोड प्राप्त गर्न सक्नेछ। सो प्रयोजनका लागि आवश्यकता अनुसार देहायबमोजिम कागजात अपलोड गर्नु पर्नेछः-

(क) आवेदकको फोटो,

(ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) संरक्षक भई नाबालकको नाममा बचतपत्र खरिद गर्दा नाबालकको नाम र जन्ममिति खुलेको प्रमाणपत्रका साथै संरक्षकको नेपाली नागरिकता प्रमाणपत्र,

(घ) नाबालकको आमा बुवा नभएको अवस्थामा अन्य व्यक्ति संरक्षक बस्न चाहेमा स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले त्यस्तो नाबालक व्यक्तिको निज संरक्षक भएको व्यहोरा प्रमाणित गरिदिएको पत्र।

(५) बजार निर्माताले उपदफा (४) बमोजिम नागरिक बचतपत्र खरिद गर्न चाहने व्यक्तिले प्रविष्टि गरेको सम्पूर्ण विवरणहरु रुजु गरी स्वीकृत गर्नु पर्नेछ।

(६) आवेदकले सूचनामा तोकिएको अवधिभित्र खरिद गर्नका लागि इन्भेष्टर पोर्टल मार्फत तोकिएका विवरण भरी आवेदन बराबरको रकम आफ्नो बैंङ्क तथा वित्तीय संस्थामा रहेको खाताबाट रोक्का तथा खर्च गर्ने अनुसूची-३ बमोजिमको अख्तियारीपत्र अपलोड गरी आवेदन दिनु पर्नेछ।

(७) नागरिक बचतपत्रको अवधि ऋण निष्कासन तालिकामा उल्लेख भए बमोजिम हुनेछ।

१७. **<u>बाँडफाँट र निष्कासनः</u>** (१) नागरिक बचतपत्र सूचनामा तोकिएको अवधिभित्र पहिलो निवेदकले पहिले पाउने प्रक्रियाबाट बाँडफाँट गरिनेछ।

(२) तोकिएको अवधि अगावै आह्वान गरे बराबरको रकम पूरै बिक्री भएमा पूरै बिक्री भएकै मितिमा बिक्री बन्द गरिनेछ। तोकिएको अवधिमा पूरै बिक्री नभएमा समितिको निर्णय अनुसार बिक्री बन्द वा अवधि थप गर्न सकिनेछ।

(३) बजार निर्माताले नागरिक बचतपत्रको लागि आवेदन भएको रकम आवेदनकर्ताको बैंङ्क तथा वित्तीय संस्थामा रहेको खातामा बचतपत्र निष्कासन हुने दिनसम्म रोक्का राख्नु पर्नेछ।

(४) बजार निर्माताले बाँडफाँटमा परेका रकम बराबर आवेदनकर्ताको स्वीकृत आवेदन अनुसारको रोक्का रकमबाट बचतपत्र निष्कासन हुने दिनमा आवेदकको खाताबाट खर्च गरी सूचनामा तोकिएको खातामा जम्मा गर्नु पर्नेछ।

(५) बाँडफाँटमा परेका आवेदनकर्तालाई इन्टरनेशनल सेक्युरिटिज आइडेन्टिफिकेसन नम्बर (आइजन), ट्रेडिङ सिम्बोलको कित्ता (अंश) र बाँडफाँट भएको रकम सहितको विवरण इन्भेष्टर पोर्टलको व्यक्तिगत पोर्टफोलियोमा उपलब्ध गराइनेछ।

**१८. <u>साँवा ब्याज भुक्तानीः</u>** (१) नागरिक बचतपत्रको ब्याज अर्धवार्षिक रूपमा भुक्तानी गरिनेछ। बचतपत्र परिपक्व हुने दिनमा साँवा भुक्तानी गरिनेछ। बचतपत्रको ब्याज तथा साँवा वापत भुक्तानी हुने रकम बजार निर्मातामार्फत धनीको बैंङ्क तथा वित्तीय संस्थामा रहेको खातामा जम्मा गरिनेछ। सो दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यदिनमा नै भुक्तानी गरिनेछ।

तर विदाको दिनको ब्याज रकम दावी गर्न पाइनेछैन।

(२) नागरिक बचतपत्रको लागि निर्धारित ब्याजको हिसाब गर्दा तीस दिनको एक महिना र तीनसय साठी दिन बराबरको एक वर्ष मानी गणना गर्नु पर्नेछ।

(३) नागरिक बचतपत्रमा गरिएको लगानीबाट आर्जित आम्दानीमा प्रचलित कानुन बमोजिम कर लाग्नेछ।

**१९. <u>दोस्रो बजार कारोबारः</u>** (१) नागरिक बचतपत्रको दोस्रो बजार कारोवार बजार निर्मातामार्फत कार्यालयले प्रयोगमा ल्याएको डोम्स र इन्भेष्टर पोर्टलबाट गर्न सकिनेछ।

(२) धनीले आफ्नो स्वामित्वमा रहेको बचतपत्र बिक्री गर्न चाहेमा बजार निर्माताले तत्काल खरिद गर्नु पर्नेछ। त्यसरी खरिद बिक्री गर्न अनुसूची-४ बमोजिमको निवेदनसाथ आफ्नो परिचय खुल्ने कागजात सहित बजार निर्मातालाई पेश गर्नु पर्नेछ। त्यसरी पेश हुन आएमा बजार निर्माताले सो बमोजिम बचतपत्रको धनी, बिक्री गर्न चाहेको सिरिजको मौज्दात यकिन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको बचतपत्र बजार निर्माताले अनुसूची-५ बमोजिम अघिल्लो अवधिको ब्याजको किस्ता प्राप्त गरेको मितिबाट खरिद

गरेको अघिल्लो दिनसम्मको ब्याज, ब्याजमा लाग्ने कर, साँवा रकम र दफा ३० बमोजिमको कमिशनको हिसाब गरी डोम्स प्रणालीमार्फत बिक्रेताको पोर्टफोलियोबाट आफ्नो स्वामित्वमा ल्याउनुपर्नेछ। त्यसरी स्वामित्व हस्तान्तरण भएमा सोही दिन बिक्रेताको खातामा रकम जम्मा गरी हिसाब राफसाफ गर्नु पर्नेछ।

(४) ग्राहकले बजार निर्माताको स्वामित्वमा रहेको बचतपत्र खरिद गर्न चाहेमा बजार निर्माताले तत्काल बिक्री गर्नु पर्नेछ। त्यसरी खरिद बिक्री गर्न ग्राहकले अनुसूची-६ बमोजिमको निवेदनसाथ आफ्नो परिचय खुल्ने कागजात बजार निर्मातासमक्ष पेश गर्नु पर्नेछ।

(५) बजार निर्माताले अनुसूची-५ बमोजिम सो बचतपत्रको अघिल्लो ब्याजको किस्ता प्राप्त गरेको मितिबाट खरिद गरेको अघिल्लो दिनसम्मको ब्याज, ब्याजमा लाग्ने कर तथा साँवा रकम र दफा ३० बमोजिमको कमिशनको हिसाब गरी डोम्स प्रणालीमार्फत आफ्नो स्वामित्वबाट ग्राहकको पोर्टफोलियोमा हस्तान्तरण गर्नु पर्नेछ। त्यसरी स्वामित्व हस्तान्तरण भएमा सोही दिन ग्राहकले बजार निर्माताको खातामा रकम जम्मा गरी हिसाब राफसाफ गर्नु पर्नेछ।

(६) ग्राहकले आफु दर्ता रहेको बाहेक अन्य बजार निर्मातासँग समेत बचतपत्रको खरिद बिक्री गर्न सक्नेछन्। त्यसरी खरिद बिक्री गर्ने प्रक्रिया उपदफा (२) वा (४) बमोजिम हुनेछ।

(७) उपदफा (६) बमोजिम खरिद बिक्री गर्ने बजार निर्माताले गरेको कारोबारको विवरण अनुसूची-७ वा अनुसूची-८ बमोजिमको ढाँचामा आवश्यकता बमोजिम ग्राहक दर्ता रहेको बजार निर्मातालाई जानकारी गराउनु पर्नेछ। त्यस्तो जानकारी बमोजिम ग्राहक दर्ता रहेको बजार निर्माताले सोही दिन डोम्समा प्रविष्टि गरी ग्राहकको पोर्टफोलियोमा स्वामित्व हस्तान्तरण गर्नु पर्नेछ। त्यस्तो कारोबारमा ग्राहक दर्ता रहेको बजार निर्माताले कुनै कमिसन नलिई सहजीकरण गर्नुपर्नेछ।

(८) व्यक्ति व्यक्तिबीच खरिद बिक्री तथा आपसी लेनदेनको सम्बन्धमा गरिने बचतपत्रको स्वामित्व हस्तान्तरण अनुसूची-९ बमोजिमको निवेदनको आधारमा कार्यालयको रोहवरमा वा खरिदकर्ता र बिक्रीकर्ता दर्ता रहेका बजार निर्मातामार्फत इन्भेष्टर पोर्टलबाट गर्न सकिनेछ।

(९) उपदफा (८) बमोजिमको खरिद बिक्री गर्दा खरिदकर्ता र बिक्रीकर्ता दुवैले इन्भेष्टर पोर्टलमा भएको आफ्नो युजरनेमबाट कारोबारको विवरण प्रविष्टि गर्नु पर्नेछ। त्यस्तो विवरण तथा निवेदनको आधारमा बजार निर्माताबाट सो कारोबार रुजु गरी स्वामित्व हस्तान्तरण हुनेछ। त्यस्तो कारोबारमा बजार निर्माताले कुनै कमिसन नलिई सहजीकरण गर्नुपर्नेछ।

## परिच्छेद-६

## वैदेशिक रोजगार बचतपत्र

२०. **सूचना प्रकाशन तथा आवेदनः** (१) आन्तरिक ऋणको स्वीकृत वार्षिक कार्यतालिका तथा निष्कासन तालिका बमोजिम समितिको निर्णय अनुसार वैदेशिक रोजगार बचतपत्रको बिक्री खुला, बिक्री बन्द र निष्कासन गरिनेछ। सो सम्बन्धी जानकारी राष्ट्रिय दैनिक पत्रिका र कार्यालयको वेबसाइटमा प्रकाशन गरिनेछ। वैदेशिक रोजगारको गन्तव्य मुलुकबाट प्रकाशित हुने नेपाली पत्रिका वा विदेश स्थित नेपाली कूटनीतिक नियोगको वेबसाइटमा समेत प्रकाशन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन गर्ने सूचनामा आवेदकले खरिद गर्न पाउने रकमको अधिकतम् सीमा समितिले तोके बमोजिम हुनेछ।

(३) वैदेशिक रोजगार बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा वैदेशिक रोजगारबाट फर्किएको छ महिना नपुगेका नेपाली नागरिक वा निजको परिवार वा गैर आवासीय नेपाली नागरिकले बिक्री एजेण्टमार्फत खरिद गर्न सक्नेछन्।

तर यस्तो बचतपत्र फर्म, कम्पनी वा संस्थाले खरिद गर्न पाउनेछैन।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "परिवार" भन्नाले मुलुक बाहिर रोजगारीमा संलग्न वा वैदेशिक रोजगारबाट फर्किएको छ महिना नपुगेका नेपाली नागरिकको बाबु, आमा, श्रीमान वा श्रीमती, छोरा वा छोरी सम्झनु पर्छ ।

(४) वैदेशिक रोजगार बचतपत्र खरिद गर्न चाहने व्यक्तिले पहिलो पटक इन्भेष्टर पोर्टलमा तोकिएको ढाँचामा विवरणहरु प्रविष्टि गरी देहायको कागजात अपलोड गरी युजरनेम तथा पासकोड प्राप्त गर्न सक्नेछः-

(क) आवेदकको फोटो,

(ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) राहदानी (फोटो सहितको पेज),

(घ) परिवारका अन्य सदस्यले खरिद गर्ने भए रोजगारीमा संलग्न व्यक्तिसँग नाता खुल्ने कागजात,

(ङ) नाबालकको नाममा बचतपत्र खरिद गर्दा नाबालकको नाम र जन्ममिति खुल्ने प्रमाणपत्र, संरक्षकको नेपाली नागरिकताको प्रमाणपत्र र नाबालकसँग नाता खुल्ने कागजात ।

(५) बिक्री एजेण्टले उपदफा (४) बमोजिम बैदेशिक रोजगार बचतपत्र खरिद गर्न चाहने व्यक्तिले प्रविष्टि गरेको सम्पूर्ण विवरणहरु रुजु गरी स्वीकृत गनु पर्नेछ।

(६) आवेदकले सूचनामा तोकिएको अवधिभित्र खरिद गर्नका लागि इन्भेष्टर पोर्टल मार्फत तोकिएका विवरण सहित देहाय बमोजिम कागजात अपलोड गरी आवेदन दिनु पर्नेछः-

(क) कार्यरत मुलुकको प्रवेशाज्ञा (प्रवेशाज्ञा आवश्यक पर्ने मुलुकको लागि),

(ख) खरिद गर्न चाहेको रकम बराबरको विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाण,

(ग) आवेदन बराबरको रकम आफ्नो बैंङ्क तथा वित्तीय संस्थामा रहेको खाताबाट रोक्का तथा खर्च गर्ने अनुसूची-३ बमोजिमको अख्तियारी पत्र।

(७) वैदेशिक रोजगार बचतपत्रको अवधि ऋण निष्कासन तालिकामा उल्लेख भए बमोजिम हुनेछ।

२१. **बाँडफाँट र निष्कासनः** (१) वैदेशिक रोजगार बचतपत्र सूचनामा तोकिएको अवधिभित्र पहिलो निवेदकले पहिले पाउने प्रक्रियाबाट बाँडफाँट गरिनेछ।

(२) तोकिएको अवधिअगावै आह्वान गरे बराबरको रकम पुरै बिक्री भएमा पुरै बिक्री भएकै मितिमा बिक्री बन्द हुनेछ। तोकिएको अवधिमा पुरै बिक्री नभएमा समितिले निर्णय गरी बिक्री बन्द वा अवधि थप गर्न सक्नेछ।

(३) बजार निर्माताले वैदेशिक रोजगार बचतपत्रको लागि आवेदन भएको रकम आवेदनकर्ताको बैंङ्क तथा वित्तीय संस्थामा रहेको खातामा बचतपत्र निष्कासन हुने दिनसम्म रोक्का राख्नुपर्नेछ।

(४) बजार निर्माताले बाँडफाँटमा परेको आवेदनकर्ताको स्वीकृत आवेदन अनुसारको रोक्का रकम बचतपत्र निष्कासन हुने दिनमा आवेदकको खाताबाट खर्च गरी सूचनामा तोकिएको खातामा जम्मा गर्नु पर्नेछ।

(५) बाँडफाँटमा परेको आवेदनकर्तालाई इन्टरनेशनल सेक्युरिटिज आइडेन्टिफिकेसन नम्बर (आइजन), ट्रेडिङ सिम्बोलको कित्ता (अंश) र कुल स्वीकृत रकम सहितको विवरण इन्भेष्टर पोर्टलको व्यक्तिगत पोर्टफोलियोमा उपलब्ध गराइनेछ।

२२. **साँवा ब्याज भुक्तानी:** (१) वैदेशिक रोजगार बचतपत्रको ब्याज अर्धवार्षिक रूपमा भुक्तानी गरिनेछ। बचतपत्र परिपक्व हुने दिनमा साँवा भुक्तानी गरिनेछ। बचतपत्रको ब्याज तथा साँवा वापत भुक्तानी हुने रकम बजार निर्मातामार्फत धनीको बैंङ्क तथा वित्तीय संस्थामा रहेको खातामा जम्मा गरिनेछ। सो दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यदिनमा भुक्तानी गरिनेछ।

तर विदाको दिनको ब्याज रकम दावी गर्न पाइनेछैन।

(२) बचतपत्रको लागि निर्धारित ब्याजको हिसाब गर्दा तीस दिनको एक महिना र तीनसय साठी दिन बराबरको एक वर्ष मानी गणना गर्नु पर्नेछ।

(३) बचतपत्रमा गरिएको लगानीबाट आर्जित आम्दानीमा प्रचलित कानुन बमोजिम कर लाग्नेछ।

२३. **दोस्रो बजार कारोबार:** (१) वैदेशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोवार बजार निर्मातामार्फत डोम्स र इन्भेष्टर पोर्टलबाट गर्न सकिनेछ।

(२) धनीले आफ्नो स्वामित्वमा रहेको बैदेशिक रोजगार बचतपत्र बिक्री गर्न चाहेमा बजार निर्माताले तत्काल खरिद गर्नु पर्नेछ। त्यसरी खरिद बिक्री गर्न अनुसूची-४ बमोजिमको निवेदनसाथ आफ्नो परिचय खुल्ने कागजात सहित बजार निर्मातालाई पेश गर्नु पर्नेछ। त्यसरी पेश हुन आएमा बजार निर्माताले सो बमोजिम बचतपत्रको धनी, बिक्री गर्न चाहेको सिरिजको मौज्दात यकिन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको बचतपत्र बजार निर्माताले अनुसूची-५ बमोजिम अघिल्लो अवधिको ब्याजको किस्ता प्राप्त गरेको मितिबाट खरिद गरेको अघिल्लो दिनसम्मको ब्याज, ब्याजमा लाग्ने कर, साँवा रकम र दफा ३० बमोजिमको कमिशनको हिसाब गरी डोम्स प्रणालीमार्फत बिक्रेताको पोर्टफोलियोबाट आफ्नो स्वामित्वमा ल्याउनुपर्नेछ। त्यसरी स्वामित्व हस्तान्तरण भएमा सोही दिन बिक्रेताको खातामा रकम जम्मा गरी हिसाब राफसाफ गर्नु पर्नेछ।

(४) ग्राहकले बजार निर्माताको स्वामित्वमा रहेको बैदेशिक रोजगार बचतपत्र खरिद गर्न चाहेमा बजार निर्माताले तत्काल बिक्री गर्नु पर्नेछ। त्यसरी खरिद बिक्री गर्न ग्राहकले अनुसूची-६ बमोजिमको निवेदनसाथ आफ्नो परिचय खुल्ने कागजात बजार निर्मातालाई पेश गर्नु पर्नेछ। त्यस्तो बचतपत्र दफा २० को उपदफा (३) मा उल्लिखित बाहेकका नेपाली नागरिकले समेत खरिद गर्न सक्नेछन्।

(५) बजार निर्माताले अनुसूची-५ को बमोजिम सो बचतपत्रको अघिल्लो ब्याजको किस्ता प्राप्त गरेको मितिबाट खरिद गरेको अघिल्लो दिनसम्मको ब्याज, ब्याजमा लाग्ने कर तथा साँवा रकम र दफा ३० बमोजिमको कमिशनको हिसाब गरी डोम्स प्रणालीमार्फत आफ्नो स्वामित्वबाट ग्राहकको पोर्टफोलियोमा हस्तान्तरण गर्नु पर्नेछ। त्यसरी स्वामित्व हस्तान्तरण भएमा सोही दिन ग्राहकले बजार निर्माताको खातामा रकम जम्मा गरी हिसाब राफसाफ गर्नु पर्नेछ।

(६) ग्राहकले आफु दर्ता रहेको बाहेक अन्य बजार निर्मातासँग समेत बैदेशिक रोजगार बचतपत्रको खरिद बिक्री गर्न सक्नेछन्। त्यसरी खरिद बिक्री गर्ने प्रक्रिया उपदफा (२) वा (४) बमोजिम हुनेछ।

(७) उपदफा (६) बमोजिम खरिद बिक्री गर्ने बजार निर्माताले गरेको कारोबारको विवरण अनुसूची-७ वा अनुसूची-८ बमोजिमको ढाँचामा आवश्यकता बमोजिम ग्राहक दर्ता रहेको बजार निर्मातालाई जानकारी गराउनु पर्नेछ। त्यस्तो जानकारी बमोजिम ग्राहक दर्ता रहेको बजार निर्माताले सोही दिन डोम्समा प्रविष्टि गरी ग्राहकको पोर्टफोलियोमा स्वामित्व हस्तान्तरण गर्नु पर्नेछ। यस्तो कारोबारमा ग्राहक दर्ता रहेको बजार निर्माताले सहजीकरण गर्नु पर्ने र कारोबार गरेवापत कमिसन लिन पाइने छैन।

(८) व्यक्ति व्यक्तिबीच खरिद बिक्री तथा आपसी लेनदेनको सम्बन्धमा गरिने बचतपत्रको स्वामित्व हस्तान्तरण अनुसूची -९ बमोजिमको निवेदनको

आधारमा कार्यालयको रोहवरमा वा खरिदकर्ता र बिक्रीकर्ता दर्ता रहेका बजार निर्मातामार्फत इन्भेष्टर पोर्टलबाट गर्न सकिनेछ।

(९) उपदफा (८) बमोजिमको खरिद बिक्री गर्दा खरिदकर्ता र बिक्रीकर्ता दुवैले इन्भेष्टर पोर्टलमा भएको आफ्नो युजरनेमबाट कारोबारको विवरण प्रविष्टि गर्नु पर्नेछ। त्यस्तो विवरण तथा निवेदनको आधारमा बजार निर्माताले सो कारोबार रुजु गरी स्वामित्व हस्तान्तरण हुनेछ। त्यस्तो कारोबारमा ग्राहक दर्ता रहेको बजार निर्माताले कुनै कमिसन नलिई सहजीकरण गर्नुपर्नेछ ।

२४. **<u>दोस्रो बजार कारोबार गर्न नपाइने:</u>** नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको ब्याज भुक्तानी हुने मितिको एक कार्यदिन अगाडिदेखि दोस्रो बजार कारोबार लगायतका स्वामित्व हस्तान्तरण कार्य गर्न पाइने छैन।

## परिच्छेद-७

## <u>विविध</u>

२५. प्रचार प्रसार गर्न सक्नेः (१) कार्यालयले बचतपत्रको सम्बन्धमा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिक तथा गैर आवासीय नेपालीलाई सम्बन्धित देशमा रहेको नेपाली दूतावास वा कूटनीतिक नियोगमार्फत प्रचार प्रसार गर्न सक्नेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम प्रचार प्रसार वा बचतपत्र निष्कासनको लागि सम्बन्धित मुलुकका बिभिन्न निकायसँग लिनुपर्ने विविध सहयोगको सम्बन्धमा वा बचतपत्र बिक्री एजेण्टलाई सम्बन्धित मुलुकमा सो कार्य गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने सम्बन्धमा पत्राचार तथा सहजीकणको लागि मन्त्रालयमार्फत परराष्ट्र मन्त्रालयलाई अनुरोध गरेमा परराष्ट्र मन्त्रालयले आवश्यक पत्राचार तथा सहजीकरण गर्न सक्नेछ।

२६. **<u>बिक्री एजेन्ट सम्बन्धी व्यवस्था:</u>** (१) कार्यालयले बैंङ्कबाट विप्रेषण कारोबारको लागि इजाजतपत्रप्राप्त बैंङ्क तथा वित्तीय संस्था, रेमिट्यान्स कम्पनी र मनी ट्रान्सफर कम्पनीले बिक्री एजेन्टको रूपमा कार्य गर्न चाहेमा इजाजत दिन सक्नेछ।

(२) बिक्री एजेन्टको रुपमा कार्य गर्न देहायका कागजात सहित निवेदन पेश गर्नु पर्नेछः-

(क) बैंङ्कबाट विप्रेषण कारोबारको लागि प्राप्त इजाजतपत्रको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्वरको प्रमाणपत्रको प्रतिलिपि,

(ग) विप्रेषण कारोबारका लागि विदेशी निकाय वा संस्थाबाट प्राप्त अनुमतिपत्र वा सम्झौताको प्रतिलिपि।

२७. **<u>बिक्री एजेन्टले गर्नुपर्ने कार्यः</u>** बिक्री एजेन्टले देहायका कार्यहरु गर्नुपर्नेछः-

(क) कार्यालयबाट आह्वान भएको सूचना वैदेशिक रोजगारीमा संलग्न व्यक्ति वा निजको परिवारसम्म पुर्याउने,

(ख) वैदेशिक रोजगार बचतपत्रमा लगानी गर्दा हुने फाईदाको बारेमा सम्भाब्य बचतकर्तालाई जानकारी गराउने,

(ग) कार्यालयले प्रयोगमा ल्याएको इन्भेष्टर पोर्टलबाट बचतपत्रमा आवेदन गर्न सहजीकरण गर्ने,

(घ) खरीदकर्ताको आवश्यक विवरण प्राप्त गरी बिक्री एजेन्टले नेपालबाटै उल्लिखित मुलुकमा कार्यरत आवेदनकर्तालाई नियमानुसार बचतपत्र खरिद गर्न सहयोग गर्ने,

(ङ) खरीदकर्ताले खरीद गर्न चाहेको बचतपत्रको रकम बराबरको विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाणित कागजात रुजु गर्ने,

(च) आवेदकको बैंङ्क खाता र अन्य विवरण रुजु गरी आवेदन स्वीकृत गर्न बैंङ्कसँग समन्वय गर्ने।

२८. **<u>बजार निर्माता सम्वन्धी व्यवस्थाः</u>** (१) बैंङ्कबाट इजाजतपत्र प्राप्त “क”, “ख” र “ग” वर्गका बैंङ्क तथा वित्तीय संस्था वा अन्य संस्थालाई कार्यालयले बजार निर्माताको रुपमा कामकाज गर्न इजाजत दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र प्राप्त गरेका बजार निर्माताले सरकारी ऋणपत्रको कारोबार गरेको विवरण कार्यालयमा जानकारी पठाउनु पर्नेछ।

(३) बैंकबाट इजाजतपत्र प्रात "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले चुक्ता पूँजीको बढीमा क्रमश दुई, तीन र पाँच प्रतिशतसम्म नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्र बजार निर्माण गर्ने प्रयोजनको लागि आफ्नो स्वामित्वमा राख्न सक्नेछ। सो सीमाभन्दा बढी मौज्दात भएमा बढी भए बराबरको ऋणपत्र बैंङ्कलाई तीन कार्यदिन भित्रमा बिक्री गर्नु पर्नेछ। त्यस्तो कारोबारको जानकारी कार्यालयलाई दिनुपर्नेछ।

(४) बैकले उपदफा (३) बमोजिम बजार निर्माताले बिक्री गरेको ऋणपत्र खरिद गर्नु पर्नेछ।

(५) कुनै व्यक्तिले सरकारी ऋणपत्र खरिद गर्न बजार निर्मातासँग अनुरोध गरेमा बजार निर्माताले आफूसँग भएको वा नियमावली लागू भएपश्चात् कार्यालयबाट निष्कासन भई बैंकको स्वामित्वमा रहेका बचतपत्रहरु बैंकसँग खरिद गरी बिक्री गर्नु पर्नेछ। त्यसरी बिक्री गर्दा आफ्नो स्वामित्वमा रहेको बचतपत्र नपुग भएको अवस्थामा मात्र बैंक सँग माग गर्नु पर्नेछ।

(६) बजार निर्माताले आफ्नो स्वामित्वमा रहेको नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको खरिद बिक्री भएपश्चात् पोर्टफोलियो विवरण दैनिक रुपमा अद्यावधिक गरी वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(७) प्राथमिक निष्कासनको समयमा बजार निर्माताले खरिद कार्यमा आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ।

(८) बजार निर्माताले प्रचलित कानुन बमोजिम बाहेक ऋणपत्र धनीका विवरण सार्वजनिक गर्न पाइनेछैन।

२९. **सेवा शुल्क र कमिसन सम्वन्धी व्यवस्थाः** (१) प्राथमिक निश्काशनमा बजार निर्माता वा बिक्री एजेन्टले नागरिक बचतपत्र वा बैदेशिक रोजगार बचतपत्र बिक्री गरे बापत अनुसूची-१० बमोजिमको कमिसन रकम कार्यालयले बजार निर्माता वा बिक्री एजेन्टलाई भुक्तानी गर्नेछ।

(२) कार्यालयले बजार निर्मातालाई नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको धनीलाई ब्याज भुक्तानी गर्ने कार्य गरेवापत भुक्तानी रकमको सून्य दशमलव एक सून्य प्रतिशतले हुन आउने रकम भुक्तानी दिइनेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको रकमको हिसाव गरी सम्वन्धित बजार निर्माता वा बिक्री एजेन्टले कार्यालयमा दावी पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दावी पेश भएमा कार्यालयले त्यस्तो विवरण रुजु गरी एक महिनाभित्र भुक्तानी दिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले सम्वन्धित व्यक्ति तथा संस्थाको खातामा सिधै रकम जम्मा गरेमा साँवा ब्याज भुक्तानी वापतको कमिसन बजार निर्मातालाई दिने छैन।

३०. **दोस्रो बजार कारोबारको शुल्कः** बजार निर्माताले दोस्रो बजार कारोबार गरेवापत ग्राहकसँग लिन पाउने अधिकतम शुल्क अनुसूची-११ मा उल्लेख भए बमोजिम हुनेछ।

३१. अनुगमन गरी कारबाहीको लागि लेखी पठाउन सक्नेः (१) बजार निर्माता र बिक्री एजेन्टले सरकारी ऋणपत्र खरिद बिक्री गरेको कारोबारको हिसाब छुट्टै राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कारोबारको हिसाब राखे नराखेको सम्बन्धमा कार्यालयले बैङ्कसँगको समन्वयमा जुनसुकै बखत अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा अनुमति प्राप्त बजार निर्माता र बिक्री एजेन्टले आफ्नो जिम्मेवारी बमोजिमको कार्य नगरेमा वा कार्यालयबाट जारी भएको निर्देशन पालना नगरेमा कार्यालयले त्यस्तो बजार निर्माता र बिक्री एजेन्टलाई प्रचलित कानून बमोजिम कारबाहीको लागि बैंङ्कमा लेखी पठाउन सक्नेछ।

(४) कार्यालयले बजार निर्माताको स्वामित्वमा रहेको नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रको पोर्टफोलियो विवरण वेबसाइटमा प्रकाशन गर्नेछ।

३२. **<u>धितोको रुपमा उपयोग गर्न सक्ने:</u>** (१) कार्यालय तथा बैंकबाट निष्काशित ऋणपत्रको स्वामित्व रहेको बैक तथा वित्तीय संस्थाले बैंकबाट मौद्रिक व्यवस्थापन र कर्जा सापटी सुविधाको लागि धितोको रुपमा उपयोग गर्न सक्नेछ।

(२) कार्यालय तथा बैंकबाट निष्काशित ऋणपत्र सम्बन्धित धनीले बैंक तथा वित्तीय संस्थाबाट कर्जा सापटी लिन धितोको रुपमा उपयोग गर्न सक्नेछ।

३३. **<u>रोक्का फुकुवा सम्बन्धी व्यवस्था:</u>** (१) दफा ३२ को उपदफा (१) बमोजिम ऋण प्रदान गर्न बैकले डोम्समा आवश्यक विवरण भरी अनुसूची-१२ बमोजिमको ढाँचामा रोक्का राख्नको लागि कार्यालयमा पठाउनु पर्नेछ।

तर कार्यालयसँग भएको सम्झौता बमोजिम यस्ता रोक्का कार्य बैंङ्क आफैले गर्न सक्नेछ।

(२) दफा ३२ को उपदफा (२) बमोजिमको ऋण दिने बैक तथा वित्तीय संस्थाले ऋण लिने व्यक्ति वा संस्थाको निवेदन संलग्न गरी डोम्समा आवश्यक विवरण भरी अनुसूची-१३ वा अनुसूची-१४ बमोजिमको ढाँचामा रोक्का राख्न कार्यालयमा पठाउनु पर्नेछ।

(३) अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय अनुसन्धान विभाग, प्रहरी कार्यालय, बैंक वा छानविन तथा अनुसन्धानको प्रयोजनका लागि गठन

भएका अन्य निकायबाट आफ्नो काम कारवाहीको सिलसिलामा कसैको स्वामित्वमा रहेको ऋणपत्र रोक्का राख्न लेखी आएमा कार्यालयले रोक्का राख्न सक्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम रोक्काको लागि पत्र पठाउँदा धनीको ऋणपत्रको अवधि अनुसार भुक्तानी हुने व्याज रोक्का नहुने गरी पठाउनु पर्नेछ।

(५) उपदफा (१), (२) वा (३) बमोजिम प्राप्त भएको पत्रको आधारमा आवश्यक जाँचबुझ गरी कार्यालयले उक्त ऋणपत्र रोक्का राख्नेछ। यसरी रोक्का राखेको व्यहोराको पत्र कार्यालयले सम्बन्धित संस्थालाई प्रदान गर्नेछ।

(६) उपदफा (५) बमोजिम रोक्का रहेको ऋणपत्र रोक्का राख्न अनुरोध गर्ने निकायबाट अनुसूची-१५ बमोजिमको ढाँचामा फुकुवा पत्र लेखी आएमा कार्यालयले फुकुवा गर्नेछ। बैंङ्कले उपदफा (१) बमोजिम रोक्का राखेको ऋणपत्रको फुकुवा गर्न सक्नेछ।

३४. **ऋणपत्र अभौतिकीकरण:** (१) कार्यालयले बैंङ्कबाट निष्कासन भएका सरकारी ऋणपत्रको अभिलेख अभौतिकीकरण (डिम्याट) गर्नेछ। त्यसरी अभौतिकीकरण गर्दा धनीले अनुसूची-१६ बमोजिम सक्कल प्रमाणपत्र सहित कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

(२) अभौतिकीकरण कार्यमा बैंक, बजार निर्माता तथा सम्बन्धित धनीले आवश्यक सहयोग गर्नु पर्नेछ।

३५. कामममा खटाउन सक्ने: कार्यालयले नियमावलीको समितिको काममा सहयोग तथा सहजीकरण गर्न आवश्यक कर्मचारीलाई कार्यालय समयको अतिरिक्त काममा खटाउन सक्नेछ। त्यसरी अतिरिक्त समय काममा खटाउदा प्रचलित कानून बमोजिम समितिले निर्णय गरी सुविधा उपलब्ध गराउन सक्नेछ।

३६. **बचाउः** बैंङ्कबाट निष्कासन भएका नागरिक बचतपत्र र बैदेशिक रोजगार बचतपत्रको साँवा ब्याज भुक्तानी तथा दोस्रो बजार कारोबार सम्बन्धी कार्यहरु

कार्यालयबाट अर्को सूचना जारी नभएसम्म साविकमा बैंङ्कबाट सम्पादन भए अनुरुप सम्पादन हुनेछन्।

**अनुसूची-१**
**(दफा ६ को उपदफा (४) र दफा ११ को उपदफा (४) सँग सम्बन्धित)**

**डोम्स प्रणाली प्रयोगको लागि पत्रको ढाँचा**

पत्र संख्याः मितिः..............................

श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं।

**विषयः- डोम्स प्रणालीमा आबद्ध हुने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा, यस संस्थाको प्रबन्धपत्र तथा नियमावलीले प्रदान गरेको अधिकारको आधारमा त्यहाँबाट निष्काशित हुने सार्वजनिक ऋणका उपकरणहरुको प्राथमिक निष्काशनमा बोलकबोल गर्न ईच्छुक भएको हुँदा सोको निम्ति डोम्स प्रणालीमा आबद्ध हुन आवश्यक सरसहयोग गरिदिनुहुन अनुरोध गर्दछौं।

साथै, बोलकबोल गर्न नियमानुसार आवश्यक पर्ने अर्नेष्ट मनी, बोल रकम पर्दा तथा परिपक्व हुँदा साँवा ब्याज रकमको हिसाब राफसाफ गर्न र दोश्रो बजार कारोवार गर्नुपर्दा आवश्यक पर्ने यस संस्थाको बैंक खाता विवरण देहायबमोजिम रहेको व्यहोरा अनुरोध छ।

| | |
|---|---|
| खाता रहेको संस्थाको नाम | |
| खातावालाको नाम | |
| खाता नम्बर | |

सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट खाता सञ्चालन गर्ने अख्तियार प्राप्त अधिकृतहरुको दस्तखत नमुना

| | | |
|---|---|---|
| ...........................<br>नाम :<br><br>पद : | ...........................<br>नाम :<br><br>पद : | ...........................<br>नाम :<br><br>पद : |

संलग्न कागजातः-

१. संस्थाको प्रबन्धपत्र, नियमावली तथा बोर्ड निर्णयको प्रतिलिपि

२. कम्पनी दर्ता, प्यान दर्ता तथा गत आ.व.को करचुक्ताको प्रतिलिपि

..........................
नाम :
पद : प्रमुख कार्यकारी अधिकृत
सम्पर्क न :

**अनुसूची -२**

**(दफा ७ को उपदफा (४) र दफा १२ को उपदफा (४) सँग सम्बन्धित)**

# बैंक तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकमा रहेको आफ्नो खाता खर्च गर्न दिने अख्तियारीको ढाँचा

मिति : .................

**विषयः मञ्जुरीपत्र सम्बन्धमा ।**

श्रीमान कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक, बैंकिंग विभाग, बालुवाटार ।

उपरोक्त सम्बन्धमा, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट निष्काशित आन्तरिक ऋणपत्रहरुमध्ये ट्रेजरी बिल तथा विकास ऋणपत्रमा बोलकबोल गरी बाँडफाँट प्रक्रियाद्वारा स्वीकृत भुक्तान गर्नुपर्ने कुल बोल रकम (Net Paid Amount) तथा निष्काशित नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्रमा यस संस्थामार्फत गरिएको आवेदन रकम सार्वजनिक ऋण व्यजस्थापन कार्यालयको पत्रबमोजिम यस संस्थाको नेपाल राष्ट्र बैंकमा कायम रहेको खाता नं ........................... मार्फत आवश्यकता अनुसार खर्च गरी बोलकबोल सूचनामा उल्लेखित खातामा जम्मा गर्ने र तत्पश्चात् सरकारको वित्तीय आम्दानी खातामा जम्मा हुने गरी उक्त कारोबारको हिसाबमिलान गर्न नेपाल राष्ट्र बैंकलाई यस संस्थाको मञ्जुरी रहेको व्यहोरा अनुरोध छ। साथै, ऋणपत्र बोलकबोल सूचनामा तोकिएको समयभित्र स्वीकृत कुल रकमको व्यवस्था गर्न नसकेको अवस्थामा सार्वजनिक ऋण व्यवस्थापन नियमावली, २०८० को नियम १० (७) बमोजिमको अर्नेष्ट मनी वापतको रकम जफत हुने गरी यस संस्थाको माथि उल्लिखित खाताबाट खर्च गरी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको सम्बन्धित खातामा जम्मा गर्न समेत यस संस्थाको मञ्जुरी रहेको व्यहोरा अनुरोध छ।

सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट खाता सञ्चालन गर्ने अख्तियार प्राप्त अधिकृतहरुको दस्तखत नमुना

| | | |
|---|---|---|
| ............................<br>नाम :<br><br>पद : | ............................<br>नाम :<br><br>पद : | ............................<br>नाम :<br><br>पद : |

बोधार्थः-

१. सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

**अनुसूची-३**

**(दफा १६ को उपदफा (६) र दफा २० को उपदफा (६ग) सँग सम्बन्धित)**

# सर्वसाधारणले बचतपत्रको प्राथमिक निष्काशनमा आफ्नो खाता रहेको संस्थालाई खाता खर्च गर्न दिने अख्तियारीको ढाँचा

मितिः ……..…………

श्री………………………………………………….,

…………………………………………………… ।

**विषयः- अख्तियारी प्रदान गरेको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट प्राथमिक निष्काशन भई आवेदन माग गरिएको नागरिक बचतपत्र/वैदेशिक रोजगार बचतपत्र सिरिज (ISIN) नं……………………………………………, ब्याजदर ………… को बचतपत्रमा लगानी गर्न चाहेको हुँदा यस बैंकमा देहाय बमोजिमको विवरण भरी आवेदन दिएको मितिदेखि निष्काशन मितिसम्म मेरो खातामा सो रकम बराबर खर्च रोक्का गर्न तथा उक्त बचतपत्र निष्काशन हुने मितिमा मेरो खाताबाट खर्च गरी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तोकेको खातामा रकम जम्मा गर्ने गरी मैले यस बैंकलाई सो खाता खर्च गर्ने अख्तियारी प्रदान गरेको व्यहोरा अनुरोध गर्दछु ।

| **तपशील** | |
|---|---|
| खातावालाको नाम | |
| खाता नं. | |
| खाता खोलिएको शाखा | |
| खाता डेबिट गर्न अख्तियारी दिएको रकम | रु. |
| अक्षरेपी रकम | रु. |
| बचतपत्र आवेदनकर्ताको नाम | |
| खातावाला र आवेदनकर्ता बीचको सम्बन्ध | |
| आवेदनकर्ताको CUI No. | |
| आवेदनकर्ताको नयाँ Portfolio No. | |

(उक्त खातामा प्रयोग भएको खातावालाको दस्तखत तथा विवरण)

नाम…………………

ईमेल :

ठेगाना :

दस्तखत :

## अनुसूची-४
**(दफा १९ को उपदफा (२) र दफा २३ को उपदफा (२) सँग सम्बन्धित)**

## धनीले बजार निर्मातालाई बचतपत्र बिक्री गर्दाको पत्रको ढाँचा

मितिः ................

श्री ..............................................,

विषयः बचतपत्र बिक्री गर्ने बारे।

उपरोक्त सम्बन्धमा मेरो स्वामित्वमा रहेको नागरिक बचतपत्र/वैदेशिक रोजगार बचतपत्रको साँवा रकम र हिजोको मितिसम्मको ब्याज लिई बिक्री गर्न चाहेको हुँदा बिक्री गरेको बचतपत्रको रकम निम्नबमोजिम मेरो इन्भेष्टर पोर्टलमा रहेको पोर्टफोलियोबाट यस संस्थाको नाममा दाखिला गर्न मेरो मन्जूरी रहेको जानकारी अनुरोध गर्दछु।

| सि.नं. | बिक्री गर्न चाहेको बचतपत्रको विवरण | |
|---|---|---|
| १ | बचतपत्रको आइजन नं वा सिरिज | |
| २ | अङ्कमा रु. | अक्षेरेपि रुपैयाँ ...................................................... मात्र। |
| सि.नं. | **बिक्रीकर्ताको विवरण** | |
| १ | नाम, थर | |
| २ | ठेगाना | |
| ३ | ना.प्र.नं./जिल्ला/जारी मिति | |
| ४ | मोबाइन नं | |
| ५ | बिक्रीकर्ता दर्ता रहेको बजार निर्माताको नाम | |
| ६ | Investor Portal बाट प्राप्त खरिदकर्ताकौ Portfolio Number / CUI Number | |

नाम, थरः

दस्तखतः

मितिः

**अनुसूची-५**

**(दफा १९ को उपदफा (३) र (५) तथा दफा २३ को उपदफा (३) र (५) सँग सम्बन्धित)**

**<u>बचतपत्र खरिद-बिक्री गर्दा रकम हिसाब गर्ने प्रक्रियाको ढाँचा</u>**

मितिः ..................

(क) ................आइजनको नागरिक बचतपत्र/वैदेशिक रोजगार बचतपत्रको अंकित रकम रु. .....................

अक्षरेपी रु.............................................................................................................

(ख) अघिल्लो ब्याज मितिबाट खरिद गरेको अघिल्लो दिनसम्मको जम्मा दिन .................. दिन

(वर्षको ३६० महिनाको ३० दिनको हिसावले अघिल्लो पटक ब्याज पाकेको मितिसहित हिजोको मितिसम्म)

(ग) सिरिजमा तोकिएको ब्याजदर ................ प्रतिशत

(घ) खरिद गरेको मितिसम्म पाकेको जम्मा ब्याज रकमः

{क*ग*(ख/३६०)} रु.......................

(ङ) प्रचलित कानुनबमोजिम ब्याजमा लाग्ने आयकर ......... प्रतिशतले

ब्याजमा लाग्ने कर रकम (घ*ङ प्रतिशत) रु.......................

(च) कार्यविधिमा तोकिएको कमिशन दर ........ ले

कमिशन रकम (क*च प्रतिशत) रु.........................

(छ) कारोवार राफसाफ रकम/लिनुपर्ने रकम

(क+घ-ङ+च ) जम्मा रु.......................

अक्षरेपी रु. .......................................

| | |
|---|---|
| **खरिदकर्ता** | **बिक्रीकर्ता** |
| दस्तखत | दस्तखत |
| नाम थरः | नाम थर |

## अनुसूची-६
## (दफा १९ को उपदफा (४) र दफा २३ को उपदफा (४) सँग सम्बन्धित)

## <u>ग्राहकले बजार निर्माताबाट बचतपत्र खरिद गर्दाको पत्रको ढाँचा</u>

मितिः ............

**<u>विषयः बचतपत्र खरिद सम्बन्धमा।</u>**

श्री.............................................,

उपरोक्त सम्बन्धमा यस संस्थाको स्वामित्वमा रहेको देहायबमोजिमको नागरिक बचतपत्र/वैदेशिक रोजगार बचतपत्रको साँवा रकम र हिजोको मितिसम्मको ब्याज बुझाई खरिद गर्न चाहेको हुँदा खरिद गरेको बचतपत्रको रकम निम्नबमोजिम मेरो इन्भेष्टर पोर्टलमा दर्ता रहेको पोर्टफोलियोमा बजार निर्माताको नाममा दाखिला गरिदिनुहुन अनुरोध गर्दछु।

| सि.नं. | खरिद गर्न चाहेको बचतपत्रको विवरण | |
|---|---|---|
| १ | बचतपत्रको आइजन नं वा सिरिज | |
| २ | रकम अङ्कमा रु. .. | अक्षरेपि रुपैयाँ ... |
| सि.नं. | खरिदकर्ताको विवरण | |
| १ | नाम, थर | |
| २ | ठेगाना | |
| ३ | ना.प्र.नं./जिल्ला/जारी मिति | |
| ४ | मोबाइल नं | |
| ५ | खरिदकर्ता दर्ता रहेको बजार निर्माताको नाम | |
| ६ | Investor Portal बाट प्राप्त खरिदकर्ताको Portfolio Number / CUI Number | |

नाम, थरः

दस्तखतः

मितिः

**अनुसूची-७**

(दफा १९ को उपदफा (७) र दफा २३ को उपदफा(७) सँग सम्बन्धित)

**बिक्री गर्ने बजार निर्माताले अर्को बजार निर्माताको ग्राहकको पोर्टफोलियोमा**
**<u>रकम दाखिला गर्न जानकारी दिने ढाँचा</u>**

मितिः .................

श्री..............................................,

विषयः खरिद गरेको बचतपत्र पोर्टफोलियो खातामा दाखिला गर्ने बारे ।

उपरोक्त सम्बन्धमा श्री .......................................................ले यस संस्थाको स्वामित्वमा रहेको देहायबमोजिमका बचतपत्र खरिद गर्नु भएको हुँदा उक्त बचतपत्र तहाँ दर्ता भएको खरिदकर्ताको इन्भेष्टर पोर्टलको पोर्टफोलियो खातामा दाखिला गरिदिनुहुन अनुरोध गर्दछौं ।

| सि.नं. | खरिद गरेको बचतपत्रको विवरण | |
|---|---|---|
| १ | बचतपत्रको आइजन नं वा सिरिज | |
| २ | रकम अङ्कमा रु. ........ | अक्षरेपी रुपैयाँ .................... मात्र |
| सि.नं. | खरिदकर्ताको विवरण | |
| १ | नाम, थर | |
| २ | ठेगाना | |
| ३ | ना.प्र.नं./ जिल्ला/जारी मिति | |
| ४ | मोबाइल नं | |
| ५ | खरिदकर्ता दर्ता रहेको बजार निर्माताको नाम | |
| ६ | Investor Portal बाट प्राप्त खरिदकर्ताको Portfolio Number / CUI Number | |

नाम, थरः

दस्तखतः

मितिः

**अनुसूची-८**

(दफा १९ को उपदफा (७) र दफा २३ को उपदफा (७) सँग सम्बन्धित)

**खरिद गर्ने बजार निर्माताले अर्को बजार निर्माताको ग्राहकको पोर्टफोलियोबाट**
**<u>आफ्नो नाममा रकम दाखिला गर्न जानकारी दिने फारमको ढाँचा</u>**

मितिः ......................

विषयः बिक्री गरेको बचतपत्र दाखिला गर्ने बारे

श्री ..............................................,

उपरोक्त सम्बन्धमा श्री ...........................................ले यस संस्थालाई देहायबमोजिमका बचतपत्र बिक्री गर्नु भएको हुँदा उक्त बचतपत्र तहाँ दर्ता भएको बिक्रीकर्ताको पोर्टफोलियो खाताबाट यस संस्थाको नाममा दाखिला गरिदिनुहुन अनुरोध गर्दछौं ।

| सि.नं. | बिक्री गरेको बचतपत्रको विवरण | |
|---|---|---|
| १ | बचतपत्रको आइजन नं वा सिरिज | |
| २ | रकम अङ्कमा रु. ........ | अक्षरेपी रुपैयाँ .................... मात्र |
| सि.नं. | बिक्रीकर्ताको विवरण | |
| १ | नाम, थर | |
| २ | ठेगाना | |
| ३ | ना.प्र.नं./ जिल्ला/जारी मिति | |
| ४ | मोबाइल नं | |
| ५ | बिक्रीकर्ता दर्ता रहेको बजार निर्माताको नाम | |
| ६ | Investor Portal बाट प्राप्त खरिदकर्ताको Portfolio Number / CUI Number | |

नाम, थरः

दस्तखतः

मितिः

## अनुसूची-९

**(दफा १९ को उपदफा (८) र दफा २३ को उपदफा (८) सँग सम्बन्धित)**

**<u>व्यक्ति-व्यक्तिबीच गरिने खरिद वा बिक्री कारोबारको पत्रको ढाँचा</u>**

मितिः ......................

**विषयः खरिद/बिक्री गरेको बचतपत्र दाखिला गर्ने ।**

श्री (बजार निर्माता)........................

........................... ।

उपरोक्त सम्बन्धमा हामीले देहायबमोजिमको बचतपत्र इन्भेष्टर पोर्टलबाट प्रविष्टि गरी खरिद/बिक्री गरेको र सोको साँवा-व्याज सहितको हिसाब राफसाफ भएको हुदाँ सो विवरण रुजु गरी स्वामित्व हस्तान्तरण वा नामसारी गरिदिनुहुन अनुरोध गर्दछु ।

| सि.नं. | खरिद/बिक्री गरेको बचतपत्रको विवरण | |
|---|---|---|
| १ | बचतपत्रको आइजन नं वा सिरिज | |
| २ | बचतपत्रको पाकेको जम्मा ब्याज किस्ता र लिईसकेको किस्ता संख्या | |
| ३ | बचतपत्रको साँवा रकम अङ्कमा रु. ...... | अक्षरेपी रुपैयाँ .................. मात्र |

| **<u>बिक्रीकर्ताको विवरण</u>** | | **<u>खरिदकर्ताको विवरण</u>** | |
|---|---|---|---|
| नाम, थर | | नाम, थर | |
| ठेगाना | | ठेगाना | |
| ना.प्र.नं./जिल्ला जारी मिति | | ना.प्र.नं./जिल्ला जारी मिति | |
| मोबाइल नं | | मोबाइल नं | |
| बिक्रीकर्ता दर्ता रहेको बजार निर्माताको नाम | | खरिदकर्ता दर्ता रहेको बजार निर्माताको नाम | |
| Investor Portal बाट प्राप्त बिक्रीकर्ताको Portfolio No. / CUI No. | | Investor Portal बाट प्राप्त खरिदकर्ताको Portfolio No. / CUI No. | |
| दस्तखतः | | दस्तखतः | |

*खरिद/बिक्रीकर्ताको बजार निर्माता फरक फरक भएमा यो अनुसूची २ प्रति तयार गरी पेश गर्नु पर्नेछ।*

## अनुसूची-१०

**(दफा २९ को उपदफा (१) सँग सम्बन्धित)**

**बजार निर्माताले प्राथमिक बजार निष्कासनमा बचतपत्र बिक्री गरे वापत पाउने कमिशनको दर**

*प्रति आवेदन*

| क्र.सं. | कारोबारको रकम | कमिशन दर | कमिशन दर |
|---|---|---|---|
| १ | रु. ५० हजारसम्म | रु ७५ | रु १२५ |
| २ | रु. ५० हजारभन्दा माथि रु. ३५ लाखसम्म | ०.१५ प्रतिशत | ०.२५ प्रतिशत |
| ३ | रु. ३५ लाखभन्दा माथि | रु ५२५० | रु ८७५० |

## अनुसूची-११

### (दफा ३० को  सँग सम्बन्धित)

### बजार निर्माताले दोस्रो बजार कारोबार गरेवापत ग्राहकसँग लिन पाउने कमिशनको दर

| क.सं. | कारोबारको रकम | कमिशन दर |
|---|---|---|
| १ | रु. २० लाखसम्म | ०.४० प्रतिशत |
| २ | रु. २० लाखभन्दा माथि | रु ८००० |

## अनुसूची -१२

**(दफा ३३ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>नेपाल राष्ट्र बैंकले धितो रोक्का राख्न कार्यालयलाई लेख्ने पत्रको ढाँचा</u>**

मिति.............

**<u>विषयः-सुरक्षणापत्र रोक्का राख्ने सम्बन्धमा।</u>**

श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय,

त्रिपुरेश्वर, काठमाडौं।

उपरोक्त सम्बन्धमा ......... ले आफ्नो स्वामित्वमा रहेको देहाय तपशील बमोजिमको ऋणपत्रहरु यस बैंकमा धितो राखी तरलता सुविधा उपभोग गर्न निवेदन दिएको हुँदा उक्त सुरक्षणपत्र यस बैंकको नाममा मिति ............................देखि ................................ सम्म रोक्का राखी सोको जानकारी प्रदान गरिदिनुहुन अनुरोध छ।

नामः

पदः

कर्मचारी कोड नं.

कार्यरत विभाग

सम्पर्क नः

संलग्न कागजात

१। तपशील विवरणः ......... थान

**तपशील**

१. सुरक्षणपत्र धनीको नाम : ..........................................................................

२. पोर्टफोलियो नम्बर (डोम्सबाट कायम भएको).........................................................

३. तरलता सुविधाको प्रयोजन : ............................................

४. सुरक्षण राख्न चाहेको ट्रेजरी बिलको विवरण

| क्र.सं. | सिरिज (ISIN) | अवधि | जारी मिति | भुक्तानी मिति | रकम (रु) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| **जम्मा** | | | | | |

५. सुरक्षण राख्न चाहेको विकास ऋणपत्रको विवरण :

| क्र.सं. | सिरिज (ISIN) | ऋवधि | जारी मिति | भुक्तानी मिति | रकम (रु) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| **जम्मा** | | | | | |

६. ट्रेजरी बिल र विकास ऋणपत्रको कुल योग
रकम रु.
अक्षरेपी रु.

७. उपयोग गर्न चाहेको तरलता सुविधावापतको
रकम रु.
अक्षरेपी रु.

| ............................... | .......................... | ................................. |
|---|---|---|
| तयार गर्ने | रुजु गर्ने | प्रमाणित गर्ने |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| कर्मचारी कोडः | कर्मचारी कोडः | कर्मचारी कोडः |
| कार्यरत विभागः | कार्यरत विभागः | कार्यरत विभागः |
| सम्पर्क नं. | सम्पर्क नं. | सम्पर्क नं. |

**अनुसूची-१३**
**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)**

## बजार निर्माताले धितो रोक्का राख्न कार्यालयलाई लेख्ने पत्रको ढाँचा

मितिः-.............

**विषयः- बचतपत्र रोक्का राख्ने सम्बन्धमा।**

श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं।

उपरोक्त सम्बन्धमा देहाय तपशील बमोजिमको व्यक्तिले आफ्नो स्वामित्वमा रहेको बचतपत्र यस संस्थामा धितो राखी कर्जा सुविधा उपभोग गर्न निवेदन दिएको हुँदा उक्त बचतपत्र यस संस्थाको नाममा मिति ..................देखि....................... सम्मका लागि रोक्का राखी सोको जानकारी प्रदान गरिदिनुहुन अनुरोध छ।

<table>
<tr><td colspan="6">तपशील</td></tr>
<tr><td colspan="3">ग्राहकको नाम</td><td colspan="3"></td></tr>
<tr><td colspan="3">ना.प्र.नं./जारी जिल्ला/मिति</td><td colspan="3"></td></tr>
<tr><td colspan="3">ग्राहक दर्ता रहेको बजार निर्माता</td><td colspan="3"></td></tr>
<tr><td colspan="3">CUI नम्बर</td><td colspan="3"></td></tr>
<tr><td colspan="3">पोर्टफोलियो नम्बर</td><td colspan="3"></td></tr>
<tr><td colspan="6">बचतपत्रको विवरण</td></tr>
<tr><td>क्र. सं.</td><td>सिरिज नम्बर (ISIN)</td><td>बचतपत्र निष्कास मिति</td><td>बचतपत्र भुक्तानी मिति</td><td colspan="2">रोक्का राख्ने रकम (रु.)</td></tr>
<tr><td>१</td><td></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td colspan="2"></td></tr>
<tr><td colspan="4">जम्मा</td><td colspan="2"></td></tr>
<tr><td colspan="6">रोक्का राख्ने रकम अक्षरेपी रु.</td></tr>
<tr><td colspan="2" rowspan="2">धितोवापतको कर्जा सुविधा रकम</td><td colspan="4">अङ्कमा रु.</td></tr>
<tr><td colspan="4">अक्षरेपी रु.</td></tr>
</table>

संलग्न — नाम :

१. ग्राहकले यस संस्थामा दिएको — पद :

कर्जा निवेदनको प्रतिलिपि - १ थान                शाखा :

**नुसूची -१४**

**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)**

**दुई बैंकबीच अन्तर बैंक ऋण कारोवार वा संस्थागत ऋण दिनेले धितो रोक्का राख्न कार्यालयलाई लेख्ने पत्रको ढाँचा**

मितिः- .............

श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं, नेपाल।

**विषयः- सुरक्षणपत्र रोक्का राख्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा.................. ले आफ्नो स्वामित्वमा रहेको देहाय बमोजिमको सुरक्षणपत्रहरु यस बैंकमा धितो राखी ........................................ उपभोग गर्न निवेदन दिएको हुँदा उक्त सुरक्षणपत्र यस बैंकको नाममा मिति ............................देखि ............................... सम्म रोक्का राखी सोको जानकारी प्रदान गरिदिनुहुन अनुरोध छ।

| **तपशील** | | | | | |
|---|---|---|---|---|---|
| सुरक्षणपत्रधनीको नाम | | | | | |
| पोर्टफोलियो नम्बर | | | | | |
| **बचतपत्रको विवरण** | | | | | |
| **सि न** | **सिरिज न (ISIN)** | सुरक्षणपत्र निष्कासन मिति | सुरक्षणपत्र भुक्तानी मिति | स्वामित्वमा रहेको कुल मौज्दात (रु.) | रोक्का राख्ने कुल रकम (रु.) |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| **जम्मा** | | | | | |
| रोक्का राख्ने रकम अक्षरेपी रु. | | | | | |
| धितोवापतको ऋण रकम | अङ्कमा रु. | | | | |
| | अक्षरेपी रु. | | | | |

............................

संलग्न                नाम :

१. धनीले यस संस्थामा दिएको                पद :

ऋण निवेदनको प्रतिलिपि - १ थान                शाखा :

**अनुसूची-१५**

**(दफा ३३ को उपदफा (६) सँग सम्बन्धित)**

**<u>रोक्का कायम रहेको सुरक्षणपत्र फुकुवा गराउन कार्यालयलाई लेख्ने पत्रको ढाँचा</u>**

मितिः- .............

श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय,

त्रिपुरेश्वर, काठमाडौं।

विषयः- सुरक्षणपत्र रोक्का फुकुवा गराउने सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा, यस संस्थाको मिति .........................च.नं. ............... को पत्रबमोजिम धनी ......................................................... को स्वामित्वमा रहेको निम्नबमोजिम सुरक्षणपत्रहरु यस संस्थाको नाममा तहाँ रोक्का रहेको सन्दर्भमा उक्त सुरक्षणपत्रहरुको रोक्का प्रयोजन समाप्त भएको हुँदा मिति ............. बाट फुकुवा गरिदिनुहुन अनुरोध छ।

**<u>तपशील</u>**

| क्र.सं. | रोक्का रहेका सुरक्षणपत्रहरुको विवरण | सिरिज (ISIN) | रोक्का रहेका सुरक्षणपत्रको रकम |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| जम्मा | | | |

.............................

संलग्न
१. मिति ........... च.नं. ......... को
रोक्का निवेदन प्रतिलिपि - .... थान

नाम :
पद :
शाखा :

# अनुसूची -१६

## (दफा ३४ को उपदफा (१) सँग सम्बन्धित)

## धनीले आफ्नो स्वामित्वमा रहेको बचतपत्रलाई अभौतिकीकरण (DEMAT) गर्ने निवेदनको ढाँचा

मितिः- ..........................

श्री सार्वजनिक ऋण व्यवस्थापन कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौ, नेपाल।

विषयः बचतपत्रको अभौतिकीकरण (DEMAT) गर्ने बारे।

नेपाल सरकारको तर्फबाट जारी गरिएका तपसिल बमोजिमका नागरिक बचतपत्र/वैदेशिक रोजगार बचतपत्र अभौतिकीकरण (DEMAT) गर्ने प्रयोजनको लागि सक्कल प्रमाणपत्र संलग्न गरी पेश गरेको छु।

**नागरिक बचतपत्र तथा वैदेशिक रोजगार बचतपत्रको विवरण**

| क्र.सं. | सिरिज नं | क्रमसंख्या | | थान | जम्मा सावाँ रकम (रु.) | लिईसकेको ब्याजको किस्ता संख्या |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| १ | ना.ब/वै.रो.ब. | | | | | |
| २ | ना.ब/वै.रो.ब. | | | | | |
| ३ | ना.ब/वै.रो.ब. | | | | | |
| जम्मा | | | | | | |
| अक्षरेपी रकम रु............................................................ मात्र। | | | | | | |

- बचतपत्रधनीको नाम, थर ..................................................................................
- साविक पोर्टफोलियो नं: ..................................        मोबाइल नं ..............................
- इमेल ठेगाना:......................................................
- ना.प्र.नं./ जिल्ला /जारी मिति : .............................................
- Investor Portal बाट प्राप्त CUI Number र Portfolio Number: ...............................................

| **Investor Portal मा Sign Up गर्दा प्रदान गरिएको बैंक खाता विवरण** | |
|---|---|
| बैंक तथा वित्तीय संस्थाको नाम | |
| खाता नम्बर | |
| माथि उल्लेखित बचतपत्रको प्रमाणपत्र तथा ब्याज भुक्तानी पूर्जाको सक्कल प्रति बुझाएको छु।<br>दस्तखतः<br>नाम,थरः<br>मितिः | <u>प्रमाणपत्र बुझिलिने कार्यालय कर्मचारीको</u><br>दस्तखतः<br>नाम,थरः<br>पदः<br>मितिः<br>छापः |